# राजस्व परामर्श समितिको प्रतिवेदन, २०७५

# (Revenue Advisory Committee's Report, 2075)



चिचिला गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

## राजस्व परामर्श समिति

चिचिला, संखुवासभा

१ नं. प्रदेश, नेपाल

**साउन, २०७६**

# राजस्व परामर्श समितिका पदाधिकारीहरु



यदु कुमारी राई
संयोजक
उपाध्यक्ष

प्रकाश मगर
सदस्य
प्रमुख प्रशासकीय अधिकृत



मिर बहादुर राई
सदस्य
कार्यपालिका सदस्य



रेवती राई
सदस्य
कार्यपालिका सदस्य



सदस्य
च्याम्बर अफ कमर्स
प्रतिनिधि



सदस्य
उद्योग वाणिज्य संघ प्रतिनिधी

सुशिल पोख्रेल
सदस्य- सचिव
राजस्व शाखा प्रमुख

## भूमिका

चिचिला गाउँपालिकाको आर्थिक विकास र समृद्धिको लागि राजस्व प्रणालीमा गर्नुपर्ने सामयिक सुधारका सम्बन्धमा चिचिला गाउँपालिकालाई सुझाव दिने स्थायी संयन्त्रको रुपमा राजस्व  परामर्श समिति रहेको छ । चिचिला गाउँपालिका, गाउँ कार्यपालिका उपाध्यक्षको संयोजकत्वमा गठित यस समितिमा सरकारी तथा निजी क्षेत्रका छाता संगठनहरुका पदाधिकारीको प्रतिनिधित्व रहने व्यवस्था छ ।

आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि पेश हुन गइरहेको वार्षिक बजेट र आर्थिक विधेयकमा समावेश गर्नुपर्ने राजस्व नीति तथा कार्यक्रमका बारेमा सुझाव दिने उद्देश्यले यो प्रतिवेदन तयार पारिएको छ । यस समितिले चिचिला गाउँपालिकाका सरोकारवालाहरुसँग गरेका अन्तर्क्रिया, बिभिन्न व्यक्ति एवं संस्थाहरुबाट समितिमा प्राप्त सुझावहरु र कार्यपालिकाका विषयगत समितिहरुका प्रतिवेदनबाट प्राप्त सुझावहरु समेतका आधारमा प्रस्तुत प्रतिवेदन तयार गरिएको छ ।

नेपालको संविधान र संघीयताको कार्यान्वयनको प्रस्थान बिन्दुको रुपमा रहेको आगामी वर्षको चिचिला गाउँपालिकाको बजेटले चिचिला गाउँपालिकामा संघीय सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, प्रादेशिक सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान, थप अनुदान, सवारी करको राजस्व बाँडफाँड, सशर्त अनुदान, गत वर्षको अ.ल्या. र आन्तरिक राजस्वको परिचालन र यसको बाँडफाँड  सम्बन्धमा स्पष्ट दिशानिर्देश गर्नु जरुरी छ । समृद्ध चिचिला गाउँपालिकाको निर्माणको लागि आवश्यक स्रोतहरुको परिपुर्ति गर्नुको साथै लगानीमैत्री कर प्रणालीको माध्यमबाट दिगो एवं अनुमानयोग्य राजस्व परिचालनको सुनिश्चितता प्रदान गर्नु वर्तमान राजस्व प्रणालीको प्रमुख चुनौतिको रुपमा रहेको छ । सोही यथार्थलाई मनन गर्दै यो प्रतिवेदन तयार पारिएको छ । यस प्रतिवेदनमा समावेश गरिएका सुझावहरुको सफल कार्यान्वयन गर्न सकिएमा स्थानीय तहको वित्त व्यवस्थापन एवं राजस्व परिचालनको पद्दति तथा मार्गचित्र सुनिश्चित हुनुका साथै लगानीमैत्री वातावरण सिर्जना भई स्थानीय उत्पादन वृद्धि र रोजगारी सिर्जनाका माध्यमबाट दिगो आर्थिक विकासका लागि योगदान पुग्न जाने विश्वास लिएको छु ।

प्रतिवेदन तयारीका क्रममा यस समितिलाई महत्वपूर्ण सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष पासाङ नुर्बु शेर्पा ज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यस प्रतिवेदन तयारीका विभिन्न खण्डहरुमा निरन्तर छलफलमा अर्थपूर्ण सहभागिता जनाउनुहुने कार्यपालिका सदस्यहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु । यस समिति अन्तर्गतका सम्पूर्ण सदस्यहरु तथा प्रतिवेदन तयार पार्न गठित लेखन समितिका सदस्य सूचना प्रविधि अधिकृत जोशन गुरुङ, प्रति धन्यवाद व्यक्त गर्दछु । विषयवस्तुको अध्ययन एवं विश्लेषण गरी यो प्रतिवेदनको महत्वपूर्ण परिच्छेदहरु लेखन तथा परिमार्जनमा सहभागी हुनुहुने व्यक्तित्वहरुप्रति विशेष धन्यवाद दिन चाहन्छु । साथै, यस प्रतिवेदनलाई यस रुपमा ल्याउन योगदान पुऱ्याउनुहुने चिचिला गाउँ कार्यपालिकाको कार्यालयका सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

यदु कुमारी राई
संयोजक, राजस्व परामर्श समिति

# बिषय-सूची


भूमिका ........ i

परिच्छेद १ ........ १

राजस्व परामर्श समिति ........ १

१.१ परिचय ........ १

१.२ राजस्व परामर्श समितिको संरचना ........ १

१.३ राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार ........ १

१.४ कार्यविवरण ........ २

परिच्छेद – २ ........ ३

अध्ययन विधि ........ ३

२.१ अध्ययन विधि ........ ३

परिच्छेद – ३ ........ ४

राजस्व परामर्श समिति, २०७५ का सुझावहरु ........ ४

३.१ विश्व कर प्रणालीका वर्तमान प्रवृत्तिहरु ........ ४

३.२ सुझावहरु ........ ५

३.३ कर तथा राजस्वका दरहरु ........ ६

१. सम्पति करः ........ ६

२. घर वहाल करः ........ ६

३. व्यवसाय करः ........ ६

उत्पादनमूलक उद्योग ........ ९

४. जडिबुटी, कवाडी र जीवजन्तु करः ........ १२

चौपाया व्यवसाय कर........................................................................ १३

५. सवारी आवत जावत करः .......................................................... १३

६. सवारी साधन करः.......................................................................१४

७. विज्ञापन करः..............................................................................१४

८. मनोरन्जन करः ..........................................................................१४

९. बहाल बिटौरी शुल्कः................................................................... १५

१०. पार्किङ शुल्कः ............................................................................ १५

११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः१५

१२. सेवा शुल्क, दस्तुरः ..................................................................... १६

१३. अन्य सेवा शुल्क तथा दस्तुरः ......................................................... १९

१४. पञ्जिकरण दर्ता विलम्ब शुल्कः ...................................................... १९

१५. व्यवसाय दर्ता शुल्कः.................................................................... १९

१६. अन्य सेवा शुल्क तथा दस्तुरः ........................................................ २०

अनुसूची १........................................................................................ I

राजस्व परामर्श समितिको निर्णय .......................................................... I

अनुसूची २...................................................................................... III

राजस्व परामर्श समितिको निर्णय ........................................................ III

# परिच्छेद १
# राजस्व परामर्श समिति

## १.१ परिचय

नेपालको संविधानको धारा २३० बमोजिम गाउँ कार्यपालिकाले गाउ सभामा पेश गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश गर्नुपर्ने राजस्वको नीति, कानून, करका दरहरु, संगठनात्मक संरचना तथा कार्यप्रक्रिया र तिनमा गर्नुपर्ने सुधारका विषयमा चिचिला गाउँ कार्यपालिकालाई सुझाव सिफारिस गर्न अर्थ मन्त्रालयमा एक राजस्व परामर्श समिति रहेको छ । सोही संघीय संरचनाको अभ्याससँगै स्थानीय तहमा पनि स्थानीय राजस्व परामर्श समिति गठन भएको छ ।

## १.२ राजस्व परामर्श समितिको संरचना

नेपालको संविधान र प्रचलित कानूनको अधिनमा रहि चिचिला गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरि आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि देहाय बमोजिम एक राजस्व परामर्श समितिको गठन हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिकाको उपाध्यक्ष | -संयोजक |
| (ख) | प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (ग) | गाउँ कार्यपालिकाले तोकेको एक महिला सहित २ जना सदस्य | -सदस्य |
| (घ) | स्थानीय उद्योग वाणिज्य संघका प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (ङ) | स्थानीय नेपाल चेम्बर अफ कमर्सका प्रमुख वा प्रतिनिधि | -सदस्य |
| (च) | गाउँ कार्यपालिकाको राजस्व शाखा प्रमुख | -सदस्य सचिव |

## १.३ राजस्व परामर्श समितिको काम, कर्तव्य र अधिकार

राजस्व समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) राजस्व सम्बन्धी नीति तथा कानून तर्जूमा, संशोधन, परिमार्जन र सोको परिपालनाका सम्बन्धमा आवश्यक परामर्श प्रदान गर्ने ।

(ख) राजस्वका श्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने ।

(ग) राजस्वको दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने।

(घ) स्थानीय उद्योग तथा व्यवसाय प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान दिने किसिमको कर नीति अवलम्बन गर्न परामर्श दिने।

(ङ) कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क, दस्तुर आदिको दर निर्धारण गरी सिफारिस गर्ने।

(च) राजस्व प्रशासन सुधारका लागि अन्य आवश्यक सुझावहरु पेश गर्ने।

## १.४ कार्यविवरण

(क) नेपाल सरकारले अवलम्बन गरेको आर्थिक नीतिको आधारमा  कर सम्बन्धी नीति एवं कर संरचनाको सामयिक मुल्याङ्कन गरी उपयुक्त र व्यवहारिक कर प्रणाली विकास गर्न सुझाव पेश गर्न सक्नेछ।

(ख) कराधार विस्तार र उच्च आर्थिक वृद्धि हासिल गर्न अपनाउनुपर्ने नीतिका सम्बन्धमा सुझाव केन्द्रित हुनुपर्नेछ।

(ग) राजस्व प्रशासन तथा अन्य सम्बन्धित आर्थिक क्षेत्रहरुका ऐन, कानूनमा गरिनु पर्ने परिमार्जनको विषयमा विभिन्न क्षेत्रबाट प्राप्त सुझाव समेतको आधारमा सुझाव पेश गर्नुपर्नेछ।

(घ) करका दरहरु सिफारिस गर्दा  एउटा कर र अर्को करबीचको अन्तरसम्बन्ध समेतलाई दृष्टिगत गरी सुझाव पेश गर्नुपर्नेछ।

# परिच्छेद – २
# अध्ययन विधि

## २.१ अध्ययन विधि

चिचिला गाउँपालिकाले अपनाउनुपर्ने राजस्व नीतिहरु एवं कार्यान्वयन गर्नुपर्ने कार्यक्रम तथा क्रियाकलापहरुको सिफारिस गर्न समितिले आफूलाई तोकिएको कार्यक्षेत्र (Term of Reference) अन्तर्गत रही समग्र वित्तीय क्षेत्रमा गर्नुपर्ने सुधारहरुका सम्बन्धमा सरकारी एवं गैरसरकारी क्षेत्रबाट प्राप्त सुझावहरु समेतको अध्ययन, विश्लेषण र छलफल गरी आगामी आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट मार्फत राजस्व नीति, कानून, करका दर, संगठनात्मक संरचना र कार्यप्रक्रिया सरलीकरण गर्ने सुझाव पेश गर्न यस राजस्व परामर्श समितिले पूर्व बजेट छलफल कार्यक्रमको आयोजना, सन्दर्भ सामाग्रीको अध्ययन, विभिन्न मुलुकहरुले अवलम्बन गरेका सिद्वान्त नीति तथा प्रक्रियाको अध्ययन, परामर्श समितिमा छलफल गरी यो प्रतिवेदन तयार गरेको छ। यस समितिले प्रतिवेदन लेखन कार्यदल तयार गरी उक्त कार्यदलले उपलब्ध सन्दर्भ सामाग्रीहरुको अध्ययन पश्चात तयार गरेको मस्यौदालाई समितिको बैठकमा छलफल गरी प्राप्त निष्कर्षको आधारमा यो प्रतिवेदन तयार पारिएको छ।

आ.व. २०७४/०७५ मा गठित स्थानीय राजस्व परामर्श समितिले तयार पारेका राजस्व प्रतिवेदनलाई अध्ययन गरी उक्त प्रतिवेदनमा सामयिक सुधार गरी एवम् त्रुटीहरु पहिचान गरी आगामी आ.व. २०७५/०७६ मा राजस्वको दर, दायरा, संगठनात्मक संरचनाको विश्लेषण गरी सुझावहरु तय गरिएको छ। गत वर्षको राजस्व प्रक्षेपण र वास्तविक राजस्व संकलनको अन्तरलाई अध्ययन गरी प्रक्षेपण र संकलनको अन्तरलाई कम पार्ने गरी राजस्वको दायरा, राजस्वको दर तथा राजस्व संकलन संयन्त्रको अध्ययन गरिएको छ।

# परिच्छेद – ३

# राजस्व परामर्श समिति, २०७५ का सुझावहरु

## ३.१ विश्व कर प्रणालीका वर्तमान प्रवृत्तिहरु

मुलुकको आर्थिक विकास र समृद्धिको लक्ष्य हासिल गर्दै दिगो र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नको लागि श्रोतको दिगो व्यवस्थापन गर्न जरुरी हुन्छ । आन्तरिक श्रोतको परिचालन त्यस्तो श्रोत व्यवस्थापनको निर्विकल्प माध्यम हो । मुलुकको आर्थिक विकासको लक्ष्य हासिल गर्नको लागि आवश्यक आर्थिक श्रोतको मागलाई परिपूर्ती गर्न समग्र कर प्रणालीको सुधार र विकास गर्नु आवश्यक छ । तीव्र आर्थिक वृद्धि जरुरी रहेको हाम्रोजस्तो मुलुकको लागि कराधारको विस्तार, आर्थिक क्रियाकलापहरुमा स्वच्छता र पारदर्शिता, अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याउने, कराधारको संरक्षण, गतिशील अर्थतन्त्र निर्माण गर्नका लागि लगानीमैत्री, दिगो, भरपर्दो, विश्वसनीय र समतामुलक कर प्रणालीको विकास र यसको माध्यमबाट समावेशी विकास एवं सामाजिक न्याय प्रवर्द्धन प्रमुख चुनौतिका रुपमा रहेका छन् । त्यसैगरी, विकसित मुलुकहरुको लागि वित्तीय असन्तुलन हटाउन तथा वित्तीय सबलीकरण गर्न कर प्रणालीमा सामयिक सुधार अपरिहार्य रहेको हुन्छ । आर्थिक विकास र समृद्धिको लक्ष्य हासिल गर्नको लागि सबै मुलुकहरु आ-आफ्ना कर प्रणालीहरुमा सुधारका निम्ति कुनै न कुनै रुपमा सक्रिय रहिरहेको पाईन्छ ।विश्व कर प्रणालीमा देखा परेका नवीनतम प्रवृत्तिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छः

- कर प्रणाली सुधारका निम्ति दीर्घकालीन राजस्व नीति तथा योजना तर्जुमा गरी समयवद्ध रुपमा कार्यान्वयन गरिएको छ ।
- विकसित मुलुकहरुद्वारा वित्तीय सन्तुलन र आर्थिक वृद्धिलाई कर प्रणाली सुधारको प्रमुख उद्देश्यको रुपमा निर्धारण गरिएको पाइन्छ ।
- करका दरहरु घटाउँदै कर आधारको विस्तारमा जोड दिइएको पाइन्छ ।
- कर राजस्वको दीगो श्रोत व्यवस्थापनका लागि वैदेशिक व्यापारमा आधारित करभन्दा पनि आन्तरिक श्रोतको परिचालनलाई जोड दिइएको पाइन्छ ।

- वस्तु तथा सेवामा आधारित करको रुपमा मूल्य अभिवृद्धि करको विश्वव्यापी अभ्यास भएको पाइन्छ ।
- व्यक्तिगत आयकरका दरहरुलाई समतामुलक बनाउँदै संस्थागत आयकरका दरहरु घटाउँदै जाने पद्दतिको विकास भएको देखिन्छ ।
- कर परिपालना लागत कम गर्न सूचना प्रविधिमा आधारित कर प्रणाली कार्यान्वयनमा ल्याएको पाइन्छ ।
- जोखिममा आधारित अनुसन्धान तथा परीक्षण पद्दतिको प्रभावकारी कार्यान्वयन गरी राष्ट्रिय कराधारको संरक्षण गरिएको पाइन्छ ।
- अन्तरनिकाय एवं अन्तरदेशीय समन्वय एवं सहकार्यको माध्यबाट कराधारको संरक्षण गर्ने प्रक्रियाको थालनी भएको पाइन्छ ।

## ३.२ सुझावहरु

- आय आर्जन र व्यवसाय गर्ने सबैलाई स्थायी लेखा नम्बर लिन प्रोत्साहित गर्दै करदातालाई करको दायरामा ल्याउनुपर्ने ।
- व्यवसायिक कृषि तथा पशुपालन गर्ने निकायलाई आयकरमा सहुलियत दिने व्यवस्था गर्नुपर्ने ।
- चिचिला गाउँपालिकाका तुलनात्मक लाभ भएका कृषिजन्य उत्पादनहरु अप्रशोधित तथा अर्धप्रशोधित रुपमा निकासी भईरहेका ती वस्तुहरु स्थानीय स्तरमा नै प्रशोधन गरी मूल्य अभिवृद्धि गर्ने उद्योगहरुलाई प्रोत्साहन दिनुपर्ने ।
- चिचिला गाउँपालिकाका प्रतिस्पर्धी क्षमता भएका वस्तु र सेवाको पहिचान गरी तिनको गुणस्तरीय उत्पादन वृद्धि हुने कार्यक्रम सञ्चालन गर्नुपर्ने र गाउँपालिकाको निर्यात प्रोफाइल समेत तयार गर्नुपर्ने ।
- कृषि बजार प्रवर्द्धन र पूर्वाधार विकास जस्ता कार्यमा सार्वजनिक-निजि-साझेदारीको अवधारणा अनुरुप विकास र निर्माणमा जोड दिनुपर्ने ।

- कृषि पेशामा युवाहरुलाई आकर्षित गर्न कृषि सम्बन्धी परियोजना धितोमा ऋण लगानीको व्यवस्था गर्नुपर्ने।
- वैदेशिक रोजगारीबाट वैधानिक रुपमा प्राप्त विप्रेषणलाई कामदारहरुको हित प्रवर्द्धन गर्न उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था मिलाउनुपर्ने।
- सूचना प्रविधिको विकासलाई बढावा दिई यसको प्रयोगलाई व्यापक बनाइनुपर्ने साथै ई-गभर्नन्सको माध्यमबाट सुशासनको प्रत्याभूति गरिनुपर्ने।
- सम्पत्ति शुद्धिकरणका जोखिम क्षेत्रहरु जस्तै घरजग्गा कारोबारको नियमन गर्ने कार्यलाई थप प्रभावकारी बनाउनुपुर्ने।

### ३.३ कर तथा राजस्वका दरहरु

गत आ.व. २०७४/०७५ लाई राजस्व संकलन, राजस्व दायरा निर्धारणको आधार वर्षको रुपमा ग्रहण गरी आ.व. २०७५/०७६ को लागि देहाय बमोजिमको राजस्वका दरहरु सिफारिस गरिएको छ।

१. **सम्पति करः** चिचिला गाउँपालिका क्षेत्रमा २०७५ साउन १ गते देखि एकीकृत सम्पत्ति कर लगाइने र असुल गरिनेछ।

२. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा भाडाको १०% को दरले घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

३. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा देहाय बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | मदिरा पसल | वितरक | प्रति वर्ष | ३५०० |
| | | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| २ | चुरोट बिडी सुर्ती जन्य | वितरक | प्रति वर्ष | २३५० |
| | | थोक | प्रति वर्ष | १७२५ |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| ३ | हल्का पेय पदार्थ | वितरक | प्रति वर्ष | १७२५ |
| | | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ५७५ |
| ४ | सुनचाँदी पसल | थोक | प्रति वर्ष | ३४५० |
| | | खुद्रा पसल र मर्मत | प्रति वर्ष | २३०० |
| ५ | औषधी पसल | थोक | प्रति वर्ष | ४६०० |
| | | खुद्रा डाक्टर भएको | प्रति वर्ष | २३०० |
| | | खुद्रा डाक्टर नभएको | प्रति वर्ष | १७७५ |
| ६ | माछा मासु बिक्री पसल | | प्रति वर्ष | ११५० |
| ७ | आयुर्वेदिक औषधी पसल | | प्रति वर्ष | ५७५ |
| ८ | एग्रोभेट पसल | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ५७५ |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ५७५ |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | प्रति वर्ष | २३०० |
| | | साधारण प्रेस | प्रति वर्ष | ११५० |
| ११ | कस्मेटिक पसल | | प्रति वर्ष | ११५० |
| १२ | मोटर पार्ट्स | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | १७२५ |
| १३ | प्लाइ तथा ग्लास | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | प्रति वर्ष | १७५० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| १५ | धागो टाक पसल | थोक | प्रति वर्ष | ५७५ |
| | | खुद्रा | प्रति वर्ष | ३४५ |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, कम्प्युटर, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | वितरक | प्रति वर्ष | ३४५० |
| | | थोक | प्रति वर्ष | १७५० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | प्रति वर्ष | २३०० |

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | प्रति वर्ष | ५७५० |
| | | पेट्रोल बिक्री केन्द्र | प्रति वर्ष | ३४५० |
| | | ग्यास सिलिन्डर सब डिलर | प्रति वर्ष | १७५० |
| | | मट्टितेल मात्र बिक्री | प्रति वर्ष | १७५० |
| १९ | स्टिल आलमुनियम पसल | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| २० | फर्निचर | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण | ट्र्याक्टर | प्रति पटक | २५० |
| | | ट्रक, टिपर | प्रति पटक | ७०० |
| २२ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | प्रति वर्ष | १००० |
| | | हाते मेसिन | प्रति वर्ष | २०० |
| २३ | स्नुकर तथा पुल हाउस | | प्रति वर्ष | २८७५ |
| २४ | क्यारेम बोर्ड | | प्रति वर्ष | ५७५ |
| २५ | पशु आहार बिक्री केन्द्र | | प्रति वर्ष | ११५० |
| २६ | किराना पसल | थोक | प्रति वर्ष | १७५० |
| | | खुद्रा | प्रति वर्ष | ८०५ |
| २७ | फलफूल/तरकारी पसल | थोक | प्रति वर्ष | ५७५ |
| | | खुद्रा | प्रति वर्ष | ३४५ |
| २८ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ५७५ |
| २९ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| ३० | माटाको भाँडा पसल | थोक, खुद्रा | प्रति वर्ष | ५७५ |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायी सेवा | चिकित्सक | प्रति वर्ष | २३०० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ) | प्रति वर्ष | २३०० |
| | | कानुन व्यावसायी ल फर्म | प्रति वर्ष | २३०० |
| | | लेखापरीक्षण व्यवसायी | प्रति वर्ष | २३०० |
| | | दन्त चिकित्सक | प्रति वर्ष | २३०० |
| | | अनुसन्धानकर्ता | प्रति वर्ष | २३०० |

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| | | परामर्शदाता | | |
| | | पशु चिकित्सक डाक्टर | प्रति वर्ष | २३०० |
| | | रोजगार सेवा | प्रति वर्ष | ३४५० |
| ३२ | ढुवानी तथा ट्रान्सपोर्ट कम्पनी | | प्रति वर्ष | २३०० |
| ३३ | पेन्टर/ साइनबोर्ड लेख्ने | | प्रति वर्ष | ५७५ |
| ३४ | खोटो व्यवसायी | | प्रति वर्ष | ११५० |
| ३५ | जग्गा व्यवसायी | | प्रति वर्ष | २३०० |
| ३६ | निर्माण व्यवसायी | | प्रति वर्ष | २३०० |
| ३७ | खच्चड यातायात ब्यवसाय | प्रति खच्चड | प्रति पटक | ११५ |
| ३८ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | प्रति वर्ष | ८६२.५ |
| ३९ | ट्राभल एजेन्सी | | प्रति वर्ष | २३०० |
| ४० | होटल व्यवसाय | चमेना गृह मात्र | प्रति वर्ष | ५०० |
| | | स्वीकृत प्राप्त मदिरा व्यवसाय सहित | प्रति वर्ष | १५०० |
| | | स्वीकृत प्राप्त मदिरारहित आवासीय सुविधा भएको | प्रति वर्ष | १००० |
| | | स्वीकृत प्राप्त मदिरासहित आवासीय सुविधा भएको | प्रति वर्ष | २५०० |

## उत्पादनमूलक उद्योग

| | | | | |
|---|---|---|---|---|
| ४१ | ग्रील उद्योग | | प्रति वर्ष | ११५० |
| ४२ | जुत्ता उद्योग | | प्रति वर्ष | १००० |
| ४३ | घरेलु कुटिर उद्योग | (अगरबत्ती, मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर) | प्रति वर्ष | ५७५ |
| ४४ | कपडा तथा गार्मेन्ट उद्योग | | प्रति वर्ष | ५७५० |
| ४५ | सिरक डसना उद्योग पसल | | प्रति वर्ष | १७२५ |
| ४६ | कुटानी पेलानी/ मिल | | प्रति वर्ष | ११५० |
| ४७ | मसला मिल | यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानी मिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्नेछ। | प्रति वर्ष | ११५० |
| ४८ | इँटा उद्योग | | प्रति वर्ष | ५७५० |
| ४९ | टायल उद्योग | | प्रति वर्ष | ५७५० |
| ५० | सोलार पसल | | प्रति वर्ष | १७२५ |

| | | | | |
|---|---|---|---|---|
| ५१ | डेरी उद्योग/ व्यवसाय | | प्रति वर्ष | ५७५ |
| ५२ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | प्रति वर्ष | ११५० |
| | | दालमोठ पाउरोटी चाउमीन | प्रति वर्ष | ११५० |
| | | पापड चिप्स फिगर | प्रति वर्ष | १७२५ |
| ५३ | वनजन्य उद्योग | स मिल प्लाइउड उद्योग | प्रति वर्ष | ५७५० |
| | | काठ बिक्री डिपो | प्रति वर्ष | २३०० |
| ५४ | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | | प्रति वर्ष | ५७५० |
| ५५ | ढाकाटोपी पस्मिना उद्योग | | प्रति वर्ष | ५७५ |
| ५६ | सुर्तिजन्य उद्योग | | प्रति वर्ष | ५७५० |
| ५७ | होटल लज रेष्टुरेन्ट | होटल, कटेज | प्रति वर्ष | १७२० |
| | | भोजनालय | प्रति वर्ष | ११५० |
| | | मिठाई पसल | प्रति वर्ष | ५७५ |
| | | पार्टी प्यालेस | प्रति वर्ष | २८७५ |
| | | रेष्टुरेन्ट-बार | प्रति वर्ष | २३०० |
| ५८ | टेन्ट हाउस | | प्रति वर्ष | २३०० |
| ५९ | रुद्राक्ष खरिद बिक्री | क बर्गको रुद्राक्ष खरिद बिक्रि गर्ने (प्रति व्यवसायी) | प्रति वर्ष | २८७५ |
| | | ख बर्गको रुद्राक्ष खरिद बिक्रि गर्ने (प्रति व्यवसायी) | प्रति वर्ष | २३०० |
| | | ग बर्गको रुद्राक्ष खरिद बिक्रि गर्ने (प्रति व्यवसायी) | प्रति वर्ष | १७२५ |
| | | घ बर्गको रुद्राक्ष खरिद बिक्रि गर्ने (प्रति व्यवसायी) | प्रति वर्ष | ११५० |
| ६० | सञ्चार | एफ.एम. प्रसारण | प्रति वर्ष | २३०० |
| | | केवुल च्यानल प्रसारण | प्रति वर्ष | २३०० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | प्रति वर्ष | ११५० |
| | | फोटोकपी, PCO, साइबर क्याफे | प्रति वर्ष | ५७५ |
| | | कुरियर सेवा | प्रति वर्ष | ५७५ |
| | | कलर ल्याब/ फोटो स्टुडियो | प्रति वर्ष | ११५० |
| ६१ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रीय कार्यालय | प्रति वर्ष | ५७५० |
| | | विकास बैंक प्रति शाखा/ केन्द्रीय कार्यालय | प्रति वर्ष | ५७५० |
| | | फाइनान्स कम्पनी शाखा कार्यालय | प्रति वर्ष | ५७५० |
| | | वित्तीय/ ऋण सहकारी संस्था | प्रति वर्ष | २३०० |
| | | मनी ट्रान्सफर | प्रति वर्ष | १७२५ |

| | | | | |
|---|---|---|---|---|
| | | बीमा कम्पनी | प्रति वर्ष | २३०० |
| | | लघु वित्त | प्रति वर्ष | २३०० |
| ६२ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ होम | प्रति वर्ष | २८७५ |
| | | क्लिनिक तथा ल्याब | प्रति वर्ष | १७२५ |
| | | चस्मा पसल | प्रति वर्ष | ११५० |
| ६३ | शिक्षा सेवा निजी | क्याम्पस | प्रति वर्ष | ३४५० |
| | | मावि/ उच्चमावि | प्रति वर्ष | २८७५ |
| | | आधारभूत | प्रति वर्ष | २३०० |
| | | प्राथमिक | प्रति वर्ष | १७२५ |
| | | छात्रावास | प्रति वर्ष | ११५० |
| | | मन्टेश्वरी | प्रति वर्ष | ११५० |
| | | पूर्व प्राथमिक | प्रति वर्ष | ९२० |
| | | ट्युशन सेन्टर | प्रति वर्ष | ११५० |
| | | कम्प्युटर | प्रति वर्ष | ११५० |
| | | नृत्यकला सिकाइ केन्द्र | प्रति वर्ष | ११५० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | प्रति वर्ष | २३०० |
| ६४ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | प्रति वर्ष | ११५० |
| | | इन्जिन मर्मत | प्रति वर्ष | १७२५ |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | प्रति वर्ष | ११५० |
| | | टि.भि, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेटर (इलेक्ट्रोनिक) | प्रति वर्ष | ११५० |
| | | कम्प्युटर, मोबाइल | प्रति वर्ष | ११५० |
| | | मोटरसाइकल मर्मत | प्रति वर्ष | ११५० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत | प्रति वर्ष | ११५० |
| | | अन्य विविध मर्मत | प्रति वर्ष | ११५० |
| ६५ | ड्राइ क्लिनिक, ब्युटी पार्लर तथा सैलुन | | प्रति वर्ष | ११५० |
| ६६ | फूल विरुवा पसल | | प्रति वर्ष | ५७५ |
| ६७ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | प्रति वर्ष | ५७५० |
| | | अन्तराष्ट्रिय | प्रति वर्ष | ११५०० |
| | | | | |

४. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत देहाय बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाइ | दर |
|---|---|---|---|---|
| १ | अलैंची | | प्रतिकेजी | ७ |
| २ | अमलिसो | | प्रतिकेजी | १.५ |
| ३ | मजिठो | | प्रतिकेजी | १.५ |
| ४ | रिठ्ठा | | प्रतिकेजी | ५ |
| ५ | अमला | | प्रतिकेजी | ३ |
| ६ | सुन्तला | | प्रतिकेजी | २ |
| ७ | हर्रो | | प्रतिकेजी | २ |
| ८ | बर्रो | | प्रतिकेजी | २ |
| ९ | हाडे लसुन | | प्रतिकेजी | २ |
| १० | कागती | | प्रतिकेजी | २ |
| ११ | चिराइतो | | प्रतिकेजी | ३ |
| १२ | सतुवा | | प्रतिकेजी | १२५ |
| १३ | बन लसुन | | प्रतिकेजी | ७५० |
| १४ | क) बर्गको यार्सा गुम्बा | | प्रतिकेजी | ११५०० |
| १५ | ख) बर्गको यार्सा गुम्बा | | प्रतिकेजी | ११५० |
| १६ | ग) बर्गको यार्सा गुम्बा | | प्रतिकेजी | ५७५ |
| १७ | पाँच औले | | प्रतिकेजी | ११५० |
| १८ | खोखिम | | प्रतिकेजी | २३ |
| १९ | जटामसी | | प्रतिकेजी | ३५ |
| २० | कुट्की | | प्रतिकेजी | ५७.५ |
| २१ | पदमचाल | | प्रतिकेजी | ३५ |
| २२ | हाडजोर | | प्रतिकेजी | ३५ |
| २३ | सुनापाती धुपी | | प्रतिकेजी | १ |
| २४ | लौठ सल्ला | | प्रतिकेजी | २८.७५ |
| २५ | गोब्रे सल्ला | | प्रतिकेजी | २८.७५ |

| | | | | |
|---|---|---|---|---|
| २६ | कालो च्याउ | | प्रतिकेजी | २३० |
| २७ | रातो च्याउ | | प्रतिकेजी | ५८ |
| २८ | बिखुमा | | प्रतिगोटा | १.५ |
| २९ | ठुलो ओखती | | प्रतिकेजी | ७ |
| ३० | अल्लो | | प्रतिकेजी | ५ |
| ३१ | अर्गेली लोक्तो | | प्रतिकेजी | ३ |
| ३२ | सिक्रे लोक्तो | | प्रतिकेजी | ५ |
| ३३ | कुर्सिमल | | प्रतिकेजी | ३ |

**चौपाया व्यवसाय कर**

| | | | | |
|---|---|---|---|---|
| ३४ | गाइ गोरु | | प्रतिगोटा | १५० |
| ३५ | च्याङ्ग्रा | | प्रतिगोटा | १०० |
| ३६ | भेडा | | प्रतिगोटा | १०० |
| ३७ | खसी बोका | | प्रतिगोटा | १०० |
| ३८ | चौरी | | प्रतिगोटा | १५० |
| ३९ | खच्चड | | प्रतिगोटा | १०० |
| ४० | उन | | प्रतिकेजी | १५ |
| ४१ | राडीपाखी | क) बर्गको | प्रतिगोटा | ६० |
| ४२ | राडीपाखी | ख) बर्गको | प्रतिगोटा | ५० |
| ४३ | चमर | | प्रतिगोटा | ५० |

५. **सवारी आवत जावत करः** गाउँपालिका क्षेत्रबाट आवतजावत हुने सवारी साधनमा देहाय बमोजिम सवारी आवतजावत कर लगाइने र असुल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १ | सवारी आवत जावत कर | बस, ट्रक, लोरी, टिपर, एक्जाभेटर, हेभी गाडी | प्रति पटक | ५० |
| | | भाडाका कार जिप | प्रति पटक | २५ |
| | | निजी कार, जीप, मयुरी | प्रति पटक | १० |
| | | अटो रिक्शा, सिटी सवारी, ठेलागाडा, रिक्शा | प्रति पटक | १० |
| | | ट्र्याक्टर | प्रति पटक | ३० |

**पुनश्चः** प्रतिपटक इकाईले एक दिनमा एक पटक भन्दा बढी पटके मानिने छैन।

६. **सवारी साधन कर:** गाउँपालिका क्षेत्रभित्र दर्ता हुन आउने सवारी साधनमा देहाय बमोजिमको सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १ | सवारी साधन कर | अटो रिक्शा, सिटी सवारी | प्रति वर्ष | ५०० |
| | | ठेलागाडा, रिक्शा | प्रति वर्ष | ३०० |

७. **विज्ञापन कर:** गाउँपालिका क्षेत्रका सार्वजनिक क्षेत्र भित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर वार्षिक रुपमा लगाइने र असूल उपर गरिनेछ। पूर्ण स्वामित्व भएका सरकारी निकाय बाहेक जो कोहीले विज्ञापन, सन्देशमूलक सूचना जारी गर्ने उद्देश्यले बिज्ञापन गरेको भएता पनि बिज्ञापन कर सरह कर लगाइने र असुल उपर गरिनेछ । निजी घरहरु, सामुदायिक भवनहरुमा बाहिर देखिने गरी गरिएको भित्तेलेखनलाई समेत विज्ञापन गरिएको मानिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १ | विज्ञापन कर | भित्तेलेखन | प्रति वर्ग फिट | २५ |
| | | साइनवोर्ड | प्रति वर्ग फिट | २५ |
| | | डिजिटल डिस्प्ले | प्रति वर्ग फिट | १०० |
| | | पोल ब्यानर | प्रति वर्ग फिट | ५० |
| | | खेलकूद मैदान | प्रति वर्ग फिट | १०० |
| | | अस्थायी फ्लेक्स विज्ञापन | प्रति वर्ग फिट | ५७ |

८. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा देहाय बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।।

| | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | मनोरञ्जन कर | सिनेमा हल प्रवेश शुल्क | प्रतिपटक | ५ |
| | | मनोरञ्जन प्रदर्शन स्थल प्रवेश शुल्क | प्रतिपटक | ५ |
| | | जादु, सर्कस, चटक | प्रतिदिन | ६०० |
| | | दोहोरी साँझ | प्रतिदिन | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | | मेला महोत्सव | प्रतिदिन | ५०० |
| | | नाटक | प्रतिदिन | ६०० |

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार, सार्वजनिक संरचना, वस्ती, सार्वजनिक स्थल र पसलमा देहाय अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

| क्र.स. | *विवरण* | विस्तृत विवरण | इकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको | मासिक | ५०० |
| | | घुम्ती | मासिक | ५० |
| | | ठेला | मासिक | ५० |
| २ | हाटबजार कर | पसल | प्रतिगोटा | ५ |

१०. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत देहाय बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | पार्किङ शुल्क | बस , ट्रक, लरी, ट्याक्टर, जीप | प्रतिदिन | २५ |
| | | हेभी गाडी | प्रतिदिन | २५ |
| | | मोटरसाइकल, अटो रिक्शा | प्रति घण्टा | १५ |
| | | ठेला गाडा, र अन्य साधन प्रतिघण्टा | प्रति घण्टा | १५ |

नोट: पार्किङ्ग शुल्क बसपार्क स्थल व्यवस्थित भएपछि मात्र लाग्ने।

११. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेबापत देहाय बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ट्रेकिङ | सार्क राष्ट्र | प्रतिब्यक्ति | २०० |
| | | एसिया | प्रतिब्यक्ति | २५० |
| | | अन्य | प्रतिब्यक्ति | ३५० |
| ७९ | ऱ्याफ्टिङ शुल्क | संखुवासभा जिल्लाका बाहेक नेपाली | प्रतिब्यक्ति | १५० |
| | | सार्क राष्ट्र | प्रतिब्यक्ति | ५५० |
| | | एसिया | प्रतिब्यक्ति | ११५० |
| | | अन्य | प्रतिब्यक्ति | १७२५ |
| ८० | बन्जी जम्पिङ शुल्क | संखुवासभा जिल्लाका बाहेक नेपाली | प्रतिब्यक्ति | १५० |
| | | सार्क राष्ट्र | प्रतिब्यक्ति | ५७५ |
| | | एसिया | प्रतिब्यक्ति | ११५० |
| | | अन्य | प्रतिब्यक्ति | १७५० |

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका देहायमा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाइ | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | सिफारिस तथा प्रमाणित | नाता प्रमाणित | | ३०० |
| | | वंशज नागरिकता सिफारिस | | २०० |
| | | अंङ्गीकृत नागरिकता सिफारिस | | १०००० |
| | | नागरिकता प्रतिलिपि सिफारिस | | २५० |
| | | बहाल करको लेखाजोखा सिफारिस | | ५०० |
| | | मोही लगत कट्टाको सिफारिस | | ७०० |
| | | घर जग्गा करको लेखाजोखा सिफारिस | | २०० |
| | | जन्म मिति प्रमाणित | | २०० |
| | | ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस | | १५० |
| | | व्यापार व्यवसाय बन्द भएको सिफारिस | | ५०० |
| | | व्यवसाय सञ्चालन नभएको सिफारिस | | ३०० |
| | | विवाह प्रमाणित | | ५०० |
| | | अविवाहित प्रमाणित | | ७०० |
| | | सशुल्क स्वास्थ्य उपचारको सिफारिस | | १५० |
| | | निःशुल्क स्वास्थ्य उपचारको सिफारिस | | निःशुल्क |

| | | | | |
|---|---|---|---|---|
| | | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित | | ७५० |
| | | घर पाताल प्रमाणित | | २०० |
| | | व्यक्तिगत विवरण प्रमाणित | | २०० |
| | | जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिस (पक्की घर) | प्रति वर्ग फिट | १५० |
| | | जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिस (कच्ची घर) | प्रति वर्ग फिट | १०० |
| | | कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | | २०० |
| | | नाम, थर, जन्म मिति संशोधनको सिफारिस | | २०० |
| | | जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | | ५०० |
| | | कित्ताकाट गर्न सिफारिस | | |
| | | संरक्षक प्रमाणित गर्ने तथा व्यक्तिगत संरक्षक सिफारिस | | १५० |
| | | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत संरक्षक सिफारिस | | २०० |
| | | जीवितसँगको नाता प्रमाणित | | ५०० |
| | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | | ५०० |
| | | जीवित रहेको सिफारिस | | ५०० |
| | | हकवाला वा हकदार प्रमाणित | | ५०० |
| | | नक्शा नामसारी गर्न सिफारिस | | ७०० |
| | | घर जग्गा नामसारी गर्न सिफारिस | | ७०० |
| | | जग्गाको हक सम्बन्धमा सिफारिस | | १५० |
| | | उद्योग ठाउँसारी गर्न सिफारिस | | ७०० |
| | | आधारभूत विद्यालय खोल्न सिफारिस | | ७०० |
| | | जग्गा मूल्याङ्कन सिफारिस | प्रति लाख | १५० |
| | | विद्यालयको कक्षा थप गर्न सिफारिस | | २०० |
| | | अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | | निःशुल्क |
| | | वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | | १००० |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक अवस्था कमजोर रहेको सम्बन्धी सिफारिस | | निःशुल्क |
| | | विद्यालय ठाउँसारी गर्न सिफारिस | | ५०० |
| | | विद्युत जडानको लागि सिफारिस | | २०० |
| | | धाराको लागि सिफारिस | | १५० |
| | | छात्रवृति सिफारीस | | १५० |
| | | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | | निशुल्क |
| | | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| | | अस्थाइ बसोबास सिफारीस | | २०० |
| | | स्थायी बसोबास सिफारीस | | २०० |
| | | जीवित रहेको सिफारीस | | १००० |
| | | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क |
| | | नाबालक परिचयपत्र सिफारीस | | २०० |
| | | चौपाया सम्बन्धी सिफारीस | | १५० |
| | | व्यवसाय दर्ता सिफारीस | | ७०० |
| | | विद्यालय ठाउँसारी सिफारीस | | ७०० |
| | | आन्तरिक बसाइसराइ सिफारीस | | १५० |
| | | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | २०० |
| | | चारकिल्ला प्रमाणित | | ३०० |
| | | घर बाटो प्रमाणित बाटो भएको | | ३०० |
| | | घर बाटो प्रमाणित बाटो नभएको | | २०० |
| | | कागज/ मञ्जुरिनामा प्रमाणित | | २०० |
| | | सम्पन्न सिफारीस/ प्रमाणित पक्की घर | | १५०० |
| | | सम्पन्न सिफारीस/ प्रमाणित कच्ची | | ७०० |
| | | अपुताली सिफारिस | | ७०० |
| | | जग्गा छुट दर्ता सिफारिस प्रति रोपनी | | २०० |
| | | नक्सा पास निवेदन फाराम दस्तुर | | ७०० |
| | | नक्सा नामसारी दस्तुर | | ७०० |
| | | नक्सा प्रतिलिपी दस्तुर | | ७०० |
| | | घर नक्सापास दस्तुर ढलान घर | प्रति वर्ग फिट | २ |
| | | घर नक्सापास ढलान नभएको पक्की | प्रति वर्ग फिट | १ |
| | | घर नक्सापास माटोको जोडाइ भएको कच्ची घर | प्रति वर्ग फिट | ०.५० |
| | | सरसफाइ शुल्क मासिक | | १०० |

| | | | | |
|---|---|---|---|---|
| | | सरसफाइ शुल्क सरसफाइ कार्ड | | २०० |
| | | कटानी/चिरानी सिफारिस | प्रति रुख | २०० |
| | | अन्य सिफारीस वा प्रमाणित | | २०० |

१३. **अन्य सेवा शुल्क तथा दस्तुर:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट देहायमा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | पर्यटक शुल्क | सार्क राष्ट्र | प्रति व्यक्ति | २० |
| | | अन्य | प्रति व्यक्ति | ५० |

१४. **पञ्जिकरण दर्ता विलम्ब शुल्क:** गाउँपालिकाले व्यक्तिगत घटना दर्ता गर्न ३५ दिनभित्र आएको खण्डमा निःशुल्क दर्ता गरिनेछ तर तोकिएको मितिमा घटना दर्ता नगरेमा देहाय बमोजिम बिलम्ब शुल्क लगाइने र असुल गरिनेछ।

| क्र.स. | पञ्जिकरण घटना | तोकिएको अवधि | बिलम्ब शुल्क (रु.) |
|---|---|---|---|
| १ | जन्म दर्ता | घटना भएको ३५ दिन | ५० |
| २ | मृत्य दर्ता | घटना भएको ३५ दिन | ५० |
| ३ | बसाइसराइ जाने आउने दर्ता | घटना भएको ३५ दिन | ५० |
| ४ | सम्बन्ध विच्छेद दर्ता | घटना भएको ३५ दिन | ५० |
| ५ | विवाह दर्ता | घटना भएको ३५ दिन | ५० |

१५. **व्यवसाय दर्ता शुल्क:** चिचिला गाउँपालिकामा व्यवसाय दर्ता, नवीकरण गर्दा देहाय बमोजिम दर्ता शुल्क लगाइने र असुल गरिनेछ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १ | नयाँ व्यवसाय दर्ता | १० लाख सम्मको | | १००० |
| | | ११ लाख देखि २० लाख सम्मको | | १५०० |
| | | २० लाख भन्दा माथीको | | २००० |
| २ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | न्यायिक कार्यविधि बमोजिम | | |
| ३ | व्यवसाय नवीकरण | १० लाख सम्मको | | ५०० |
| | | ११ लाख देखि २० लाखसम्मको | | ७०० |
| | | २० लाखदेखि माथि | | १००० |

| | | | | |
|---|---|---|---|---|
| ४ | | संस्था दर्ता सिफारीस | | ७०० |

१६. **अन्य सेवा शुल्क तथा दस्तुरः** माथि उल्लिखित प्रकरणहरुमा छुट हुन पुगेका सिफारिस तथा प्रमाणितहरुको शुल्क तथा दस्तुर देहाय बमोजिम लगाइने र असुल गरिनेछ ।

| क्र.स. | विवरण | विस्तृत विवरण | इकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १ | सबै प्रकारका प्रमाणपत्र प्रतिलिपि | | | ५०० |
| २ | उल्लेख नभएका सिफारिस | | | २०० |
| ३ | उल्लेख नभएका प्रमाणित | | | २०० |

## अनुसूची १

## राजस्व परामर्श समितिको निर्णय

चिचिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**राजस्व परामर्श समितिको निर्णय**

आज मिति २०७४/०३/३० गते 'स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (संशोधित)' को प्रावधान बमोजिम चिचिला गाउँपालिकाका उपाध्यक्ष श्री यदु कुमारी राईको संयोजकत्वमा बसेको राजस्व परामर्श समितिको बैठकले देहायको सदस्यहरुको उपस्थितिमा गरेको निर्णयहरु यसप्रकार रहेको छः

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री यदु कुमारी कुमारी राई | संयोजक | |
| २ | श्री रेम्बु चाम्लिङ राई | सदस्य | |
| ३ | श्री मिर बहादुर राई | सदस्य | |
| ४ | श्री रेवती राई | सदस्य | |
| ५ | श्री इश्वर खतिवडा | सदस्य सचिव | |

-

।

१. चिचिला गाउँपालिकाले नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रहि आफ्नो कार्यक्षेत्र भित्र परिचालन हुन सक्ने राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने प्रयोजनको लागि यस राजस्व परामर्श समितिले तयार गरेको प्रतिवेदन गाउँ कार्यपालिकामा पेश गर्ने।

२. सूचना प्रविधि अधिकृत जोशन गुरुङको संयोजकत्वमा नायब सुब्बा राजेन्द्र घिमिरे, नायब सुब्बा चेतनाथ पराजुली, सह-लेखापाल इश्वर खतिवडा सदस्य रहेको प्रतिवेदन लेखन समिति गठन गर्ने ।

॥

# अनुसूची २

## राजस्व परामर्श समितिको निर्णय

चिचिला गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**राजस्व परामर्श समितिको निर्णय**

आज मिति २०७४/०३/३२ गते 'स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४ (संशोधित)' को प्रावधान बमोजिम चिचिला गाउँपालिकाका उपाध्यक्ष श्री यदु कुमारी राईको संयोजकत्वमा बसेको राजस्व परामर्श समितिको बैठकले देहायको सदस्यहरुको उपस्थितिमा गरेको निर्णयहरु यसप्रकार रहेको छः

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री यदु कुमारी कुमारी राई | संयोजक | |
| २ | श्री रेम्बु चाम्लिङ राई | सदस्य | |
| ३ | श्री मिर बहादुर राई | सदस्य | |
| ४ | श्री रेवती राई | सदस्य | |
| ५ | श्री इश्वर खतिवडा | सदस्य सचिव | |

१. राजस्व परामर्श समितिले तयार गरेको राजस्व प्रतिवेदनलाई गाउँ कार्यपालिकाको बैठकमा संयोजक श्री यदु कुमारी राई मार्फत पेश गर्ने ।